# सुनिलस्मृति गाउँपालिकाका अध्यक्ष श्री मणिराम बुढाथोकिले गाउँसभाको अठारौं अधिवेशनमा पेश गर्नु भएको आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम

सुनिलस्मृति गाउँपालिका

रोल्पा जिल्ला

लुम्बिनी प्रदेश

२०८२/०२/२६

**गाउँ सभाका सदस्यहरु,**

यस सुनिलस्मृति गाउँपालिकाको गाउँसभाको अठारौ अधिवेशनमा गाउँपालिकाको तर्फबाट आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मैले गौरव महसुस गरेको छु।

सर्वप्रथम यस गौरवपूर्ण अवसरमा राष्ट्र हित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटक पटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष, त्याग र बलिदानको गौरवपुर्ण इतिहासलाई स्मरण एवंम् ज्ञात अज्ञात शहिद, बेपत्ता, घाइते र असहाय नागरिकहरुलाई उच्च सम्मानका साथ शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु साथै घाइते, अपाङ्गता भएकाहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु । जनताको प्रतिष्पर्धात्मक बहुदलीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था जस्तो महत्तम शासन व्यवस्था सहितको अग्रगामी परिवर्तन ल्याउन भौतिक अभौतिक रुपमा योगदान गर्नुहुने सम्पूर्ण आम नागरिक, राजनीतिक दल, नागरिक समाज, सञ्चार जगत, लेखक, विद्यार्थी, शिक्षक, कर्मचारी, कुटनीतिक नियोग, गैर सरकारी संघ संस्था र अन्तर्राष्ट्रिय समुदाय समेतलाई यो अवसरमा उहाँहरुको योगदानको उच्च कदर गर्दै अन्तस्करण देखि हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

संविधानतः गठीत स्थानीय सरकारले दोस्रो कार्यकालको तेस्रो वर्ष व्यतित गरिरहँदा नेपालको संविधानको अनुसूची-८ मा उल्लेखित स्थानीय तहको एकल अधिकारको सूची र अनुसूची-९ मा उल्लिखित संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूची भित्र रहेर स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अधिनमा रहि संविधानको मर्म र भावना अनूरूप नेपाली जनताको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाँक्षालाई पूरा गर्न सुनिलस्मृति गाउँपालिकाले आफ्नो राजनीतिक, आर्थिक, न्यायिक र प्रशासनिक कार्यहरु प्रभावकारी तवरले सञ्चालन गर्दै आइरहेको छ। जनआकांक्षा पूरा गर्ने हाम्रो सङ्कल्पः दिगो विकास र सुशासन मात्र विकल्प भन्ने मूल मन्त्रलाई सिद्ध गर्न हामी प्रतिबद्ध छौ।
आम नागरिकको संलग्नतामा नागरिकको माग र आवाजलाई संवोधन गर्दै उनीहरुको बृहत्तर हित र कल्याणमार्फत शासकीय सन्तुष्टि प्रदान गर्नु, नागरिकका आवश्यकता र समस्याहरुको सम्बोधन गर्नु, स्थानीय नेतृत्वको विकास गर्दै सामाजिक साँस्कृतिक रुपान्तरणमा टेवा पुर्‍याउनु, स्थानीय स्तरमा उपलव्ध स्रोत र साधनको अधिकतम परिचालन गर्दै रोजगारी सिर्जना गर्नु र आम नागरिकको जिविकोपार्जनमा सुधार ल्याउनु स्थानीय सरकारको शासकीय जिम्मेवारी रहेको छ। उक्त शासकीय जिम्मेवारीलाई गहन ढङ्गले बुझेको निर्वाचित जनप्रतिनिधिले सहकार्य, समन्वय र सहअस्तित्वको सिद्धान्तलाई आत्मसाथ गर्दै संघीय सरकार, प्रदेश सरकार संगको समन्वय, सहयोग, साँझेदारी र सहकार्यमा उपलव्ध प्रशासनिक संयन्त्रको कुशलतम परिचालन गर्दै जनहितलाई केन्द्रविन्दुमा राखेर काम गरिरहेको व्यहोरा यस सम्मानित सभा मार्फत आम सुनिलस्मृति वासि नागरिक लाई अवगत गराउन चाहान्छु। यस बीचमा आर्थिक सामाजिक विकासको क्षेत्रमा विभिन्न प्रयासहरु भएको भए तापनि स्थानीय सरकारको कमजोर सांगठनिक सक्षमता, वित्तीय श्रोतको न्यून उपलव्धता, अधिक जनआकांक्षा लगायतका कारणले अपेक्षित उपलब्धि हासिल गर्न सकिएको छैन।

**सभा सदस्यज्यूहरु,**

नेपालको संविधान, सोह्रौं योजना, दिगो विकासको लक्ष्यहरु, लुम्बिनी प्रदेशको आवधिक योजना, नेपाल सरकार र प्रदेश सरकारको नीति तथा कार्यक्रम, स्थानीय तहको योजना तर्जुमा दीग्दर्शन, २०७८, सुनिलस्मृति गाउँपालिकाको वार्षिक योजना/कार्यक्रम तथा वजेट तर्जुमा दिग्दर्शन, २०८०, सुनिलस्मृति गाउँपालिकाको आवधिक योजना, मध्यमकालीन खर्च संरचना, यस गाउँपालिकाबाट जारी भएका विभिन्न ऐन, नियमावली, कार्यविधि, निर्देशिका, आचारसंहिताको परिधिभित्र रही गाउँ कार्यपालिकाका विभिन्न मितिमा भएका निर्णयहरु, आम नागरिक, बुद्धिजिवि र सरोकारवालाहरुबाट प्राप्त राय सुझाव, जनताका आवश्यकता, हाम्रो राजनीतिक प्रतिवद्धता समेतलाई ध्यानमा राखी तयार पारिएको आगामी आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम यस सभासमक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१. निर्वाहमुखी कृषिलाई आधुनिक र व्यावसायिक बनाउँदै कृषि उपजमा पालिकालाई आत्मनिर्भर बनाउन यान्त्रिकीकरण तथा विशिष्टीकरण गरिनेछ। अरेशमा अदुवा, गजुल र तेवाङमा सुन्तला र कागती, कफी, घोडागाउँ र खुङ्ग्रीमा आँप, मिझिङमा केरा र आँप, बेसार लगायत प्रत्येक वडाको भौगोलिक अवस्था, माटोको गुणस्तर, हावापानीको अनुकूलनता समेतका आधारमा बालीवस्तुको विशिष्टीकृत उत्पादनलाई विशेष प्राथमिकता दिइनेछ।

२. प्रमुख बाली, पशुपन्छी र मत्स्य क्षेत्र लक्षित कार्यक्रमार्फत कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि र कृषकको आम्दानी वृद्धि गर्ने नीति लिइनेछ। नश्ल सुधार, यान्त्रिकीकरण, आहार व्यवस्थापन, खोप सेवा, रोग निदान तथा उपचार सेवालाई सबै वडा, टोल तथा वस्तीस्तरसम्मै विस्तार गरिनेछ।

३. कृषि उत्पादनलाई पूर्ण प्राङ्गारिक उत्पादनमा रुपान्तरण गर्न प्राङ्गारिक मलको उत्पादन तथा प्रयोगलाई प्रोत्साहन गरिनेछ।

४. दुग्ध पदार्थ, अण्डा तथा मासुजन्य बस्तुको उत्पादन तथा निर्यातलाई प्रवर्धन गरिनेछ। पशुपन्छीजन्य रोग नियन्त्रणका लागि खोप कार्यक्रम सञ्चालन गरिनेछ।

५. कृषियोग्य भूमिको संरक्षण र बाँझो जमिनको उपयोग गर्ने नीति लिइनेछ। रैथाने बाली, बीउ, नस्ल र कृषि जैविक विविधताको संरक्षणलाई प्राथमिकता दिइनेछ।

६. संविधान प्रदत्त अधिकार कृषि प्रसारको सञ्चालन, व्यवस्थापन र नियन्त्रण मार्फत कृषकहरुमा उच्चस्तरिय कृषि प्रविधिको हस्ताण्तरण, कृषकको क्षमता अभिवृद्धि तथा कृषकलाई अनुसन्धान कार्यसँग जोड्न विभिन्न कृषकस्तरिय तालिम, गोष्ठि,शिविर सञ्चालन तथा उन्नत प्रविधि प्रदर्शन गरिनेछ

७. “बन बनमा चिउरी घर घरमा मौरी” भन्ने मूल नाराका साथ संभाब्य क्षेत्रहरुमा मौरीपालन व्यवसायलाई प्रवर्द्धन गरिनेछ।

८. दैनिक उपभोग्य कृषिजन्य वस्तुहरुमा गाउँपालिकालाई आत्मनिर्भर बनाउन गाउँपालिका भित्रका सबै सम्भाव्य क्षेत्रहरुको पहिचान गरी मसलाबाली प्रवर्द्धन कार्यक्रम, व्यवसायिक तरकारी खेति प्रवर्द्धन कार्यक्रम, व्यवसायिक फलफुल खेती प्रवर्दन कार्यक्रम सञ्चालन गर्दै लगिनेछ।

९. उत्पादित कृषि उपजको संकलन, र बजारीकरणका लागि सुलिचौर र रुइनिवाङको उपयुक्त ठाउँमा संकलन तथा विक्रि वितरण केन्द्रको व्यवस्था गरिनेछ। साथै कोल्ड स्टोरेज सेन्टर निर्माणको कार्य अघि बढाइनेछ।

१०. "कृषि विकास अभियान:रैथाने बाली हाम्रो पहिचान" भन्ने मूल नाराका साथ परम्परागत र पोषणयुक्त रैथाने बालीहरुको संरक्षण तथा खेती विस्तार गरिनेछ। यस गाउँपालिकामा सदियौं देखि खेती गरिदै आएका रैथाने बालीहरु जस्तैः मकै, धान, गहुँ, जौ, कोदो, सिमि, मास, पिडांलु, फापर, भटमास, टिमुर, जुनेली, कागुनो, आलु आदिको उत्पादन बढाउन उत्पादनमा आधारित प्रोत्साहन अनुदान प्रणालीको व्यवस्था गरिनेछ ।

११. गुणस्तरिय बीउ विजनको प्रयोगलाई प्रोत्साहन गरिनेछ। कृषकहरुलाई हाईब्रिड बीउ तथा उन्नत जातको बिउ अनुदानमा उपलब्ध गराउने नीति अवलम्वन गरिनेछ। उत्पादनको संभाव्यता पहिचान गरी गाउँपालिका भित्रका सवै वडाहरुमा कृषि तथा पशु पकेट क्षेत्र घोषणा गरी कार्यान्वयन गरिनेछ।

१२. कृषक समूहमा आधारित कार्यक्रम सञ्चालन गरिने छ। उत्पादनमा आधारित विभिन्न कृषक समुहहरुको गठन तथा परिचालनका लागि पालिकाबाट कृषि प्राविधिक खटाई सामुहिक उत्पादनमा जोड दिइनेछ।

१३. पालिकाभित्र गठन तथा सञ्चालन भएका सहकारीहरुको अनुगमन तथा नियमनलाई प्रभावकारी बनाइनेछ।

१४. युवाहरुलाई श्रम तथा उद्यमशिलतासँग जोड्न युवा लक्षित लागत साझेदारीमा प्रत्येक वडामा एक नमुना उद्यम सञ्चालन गर्न अनुदानको ब्यवस्था गरिनेछ ।

१५. आवश्यक मापदण्ड बनाई ब्यावसायिक पशुपालन गरिरहेका किसान लक्षित पशु विमा कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गरी जोखिम न्यूनिकरण गरिनेछ ।

१६. विभिन्न बालीनालिमा देखा पर्ने रोग तथा किराहरुको व्यवस्थापन र नियन्त्रणको लागि आकस्मिक बाली संरक्षण सेवा मार्फत कृषकहरुलाई प्राविधिक परामर्श र जैविक तथा रसायनिक विषादी नि:शुल्क उपलब्ध गराइनेछ ।

१७. विगतका आ व हरुमा यस गाउँपालिकाबाट अनुदान प्राप्त गरी निर्माण गरिएका विभिन्न संरचनाहरु प्रयोगमा भए नभएको अनुगमन गर्ने व्यवस्था मिलाइनेछ। प्रयोग विहिन संरचनाहरुको प्रयोगको लागि प्रोत्साहन र दुरुपयोग भएको पाइए उचित दण्डको व्यवस्था मिलाइनेछ।

१८. सुनिलस्मृति गाउँपालिकाभरी एक घर एक रोजगारको नीतिलाई सबै वडाहरुमा अभियानको रुपमा अघि बढाइनेछ।

१९. “राष्ट्रिय रोजगार कार्यक्रम” लाई संघीय सरकारको नीति अनुरुप प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ। कार्यस्थलमा हुने सबै प्रकारका भेदभाव तथा हिंसाको अन्त्य गरिनुका साथै सम्भावित जोखिमहरुको न्यूनीकरणका लागि विभिन्न सुरक्षात्मक उपायहरु अवलम्बन गरिनेछ।

२०. “समान कामको समान ज्याला” लाई सुनिश्चित गर्दै कुनै पनि श्रमिकको श्रम शोषण हुन दिइने छैन। गाउँपालिकावासिहरुमा श्रमलाई सम्मान गर्ने संस्कृतिको विकास गर्न गाउँभित्र “श्रमको सम्मान राष्ट्रको अभियान” लगायतका विभिन्न सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

२१. रोजगारीका सम्भावनाको पहिचानका लागि गाउँपालिकाभित्र रहेका सार्वजनिक, निजी, सहकारी तथा गैर सरकारी क्षेत्रका रोजगारदाताहरुसंग समन्वय गरी रोजगारीका अवसरहरुको तथ्याङ्क संकलन गरिनेछ र उक्त सूचना सूचीकृत बेरोजगार व्यक्तिहरुलाइ प्रवाह गरी क्रमशः रोजगारीको अवसरहरु सिर्जना गरिनेछ ।

२२. स्थानियस्तरमा रहेका परम्परागत साना तथा घरेलु उद्योगहरुको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धनका लागि बजारीकरण गर्न हाटबजार (संकलन केन्द्र) संचालनमा ल्याइनेछ ।

२३. बेरोजगार यूवाहरुलाई मागमा आधारित सीप विकास तालिम दिइ उद्यम व्यवसायमा जोड दिइनेछ।

२४. गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत लक्षित वर्गहरुलाई उद्यमशीलता विकास तालिम दिइ सीप विकास तथा प्रविधि हस्तान्तरण कार्यक्रम संचालनलाई निरन्तरता दिइनेछ।

२५. वैदेशिक रोजगारबाट फर्केका युवा तथा विप्रेषण प्राप्त गर्ने परिवारको लगत संकलन गरी उपयुक्त उद्यम तथा व्यवसाय गर्न प्रेरित गरिनेछ।

२६. पालिकाका दुर्गम वस्तीहरुमा स्थलगत पशु स्वास्थ्य शिविर सञ्चालन गरी कृषकहरको घरदैलोमा पशु सेवा कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइनेछ।

२७. पालिका क्षेत्रभित्र संगठित तथा असंगठित क्षेत्रमा कार्यरत श्रमिकहरुको तथ्याङ्क सङ्कलन तथा व्यवस्थित अभिलेखीकरण गर्दै सामाजिक सुरक्षा प्रणालीमा आवद्ध गर्दै लगिनेछ।

२८. वडाबाट छनौट भएका साना तथा टुक्रे योजनाहरुलाई गाउँपालिकाबाट प्राथमिकता निर्धारण गरी निर्माण सामग्रीमा पालिकाको लगानी सुनिश्चित गरी राष्ट्रिय रोजगार कार्यक्रमसँग आवद्ध गर्दै लगिनेछ।

२९. न्यूनतम एक सय दिनको रोजगारीमा खटिने श्रमिकहरुका लागि सुरक्षा विमा, सुरक्षा सामाग्री तथा रोजगारीमा खटिनुपूर्व आवश्यक अभिमुखीकरणको सुनिश्चितता गरिनेछ।

३०. वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुका लागि आवश्यक सूचना, जानकारी तथा त्यस्ता व्यक्तिहरुको श्रम स्वीकृति र पूनः श्रम स्वीकर्तिका कार्यहरुलाई निरन्तरता दिँदै थप व्यवस्थित र प्रभावकारी बनाइनेछ।

३१. रोजगार संवाद मञ्चको प्रभावकारी परिचालन तथा रोगजार रणनीति अद्वावधिक गरी आन्तरिक रोजगारी प्रवर्द्धन गरिनेछ।

३२. नागरिकहरुमा श्रम सँस्कृतिको विकास गर्न पूर्ण जनश्रमदानमा आधारित एक वडा एक आयोजनाको अवधारणा कार्यान्वयनमा ल्याइनेछ।

३३. संघीय सरकार, प्रदेश सरकार, वैदेशिक रोजगारी बोर्ड लगायतका निकायहरुसँगको समन्वय तथा लागत साझेदारीमा आप्रवासी कामदार र उनीहरुको परिवारलाई लक्षित गरी सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सूचना प्रवाह, न्यायको लागि आवश्यक सहजीकरण, मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श, वित्तीय साक्षरता र सिप अभिवृद्धिका लागि लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ। वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरु परिचालन गरी नागरिकको घरदैलोसम्म नै सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी सचेतना प्रवाह गरिनेछ।

३४. रोजगार सेवा केन्द्रसँगको समन्वयमा पूर्वप्रस्थान अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

३५. महिला, दलित, आदिवासी जनजाति, द्वन्द्वपिडित विपन्न तथा सिमान्तकृत समुदायको सार्वजनिक प्रशासनमा पहुँच बढाउन निःशुल्क लोकसेवा तथा शिक्षक सेवा आयोगका तयारी कक्षाहरु सञ्चालन गरिनेछन्।

३६. यस पालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति तथा मूलप्रवाहीकरण रणनीति बमोजिम संस्थागत संरचना र कार्यप्रणाली लैङ्गिकमैत्री बनाउँदै लगिनेछ।

३७. यस पालिकाभित्र निर्माण हुने सार्वजनिक संरचनाहरुलाई अपाङ्गमैत्री, बालमैत्री, लैङ्गिकमैत्री तथा ज्येष्ठ नागरिकमैत्री बनाउने नीतिलाई कडाइका साथ कार्यान्वयन गरिनेछ।

३८. महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि, १९७९, बेइजिङ घोषणा पत्र १९९५ का १२ वटा महिला सरोकारका क्षेत्रहरु, दिगो विकास लक्ष्यले लक्षित गरेका विषयहरु, बाल अधिकार महासन्धि, १९८९, संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्को प्रस्ताव नं. १३२५, १८२०, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धि २००६ र संघीय कानून, प्रदेश कानून तथा संघ र प्रदेश योजनाहरुले निर्दिष्ट गरेका विषयहरुको मर्मलाई स्थानीयकरण गर्दै कार्यान्वयन गरिनेछ।

३९. लैंगिक हिंसा निवारण कोषमा कम्तिमा वार्षिक रु २०००००।— (अक्षेरेपि दुइ लाख) रकम थप गर्दै जाने र हिंसा प्रभावित महिलाहरुलाई निःशुल्क कानूनी परामर्श, उपचार खर्च, व्यवसाय सञ्चालन तथा जीविकोपार्जनका लागि अनुदान कोषबाट उपलब्ध गराइनुका साथै अनुगमनलाई प्रभावकारी बनाइनेछ।

४०. अनाथ, असहाय तथा जोखिममा रहेका बालबालिकाको लागि बाल संरक्षण कोषमा कम्तीमा वार्षिक रु २०००००।— (अक्षेरेपि दुइ लाख) रकम थप गर्दै लगिनेछ र बालबालिकासँग सरोकार राख्ने विभिन्न व्यक्ति तथा संघ संस्थाहरुलाई पनि कोष वृद्धिको लागि आव्हान गरिनेछ।

४१. जोखिम अवस्थामा रहेका अपाङ्गता भएका व्यक्तिहरुलाई पुनर्स्थापित गराउनका लागि वार्षिक रुपमा २०००००।— (अक्षेरेपि दुइ लाख) रकम थप गर्दै लगिनेछ।

४२. विभिन्न कारणले हिंसा प्रभावित महिला तथा बालबालिकाहरुलाई पुनर्स्थापना नहुन्जेलसम्म सुरक्षाका लागि अल्पकालीन सुरक्षित आवास गृहलाई थप व्यवस्थापन गरिनेछ।

४३. लैङ्गिक हिंसा, बालविवाह, बहुविवाह, सामाजिक विभेद, शोषण लगायत सामाजिक विकृति, विसंगति, कुरीति र कुसंस्कारको अन्त्यका लागि टोल विकास संस्था, महिला विकास समिति, आमा समूह,

युवा क्लव, किशोर किशोरी सञ्जाल, बाल समूह लगायतका सामुदायिकस्तरका संस्थाहरुलाई स्वयंसेवीरुपमा परिचालन गरिनेछ साथै सम्बन्धित क्षेत्रमा कार्य गर्ने संघ संस्थाहरुसँग समन्वय र सहकार्य गरिनेछ।

४४. यस पालिकाको बजेट प्रणालीलाई लैङ्गिक उत्तरदायी बनाइनेछ र वार्षिक रुपमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण, लैङ्गिक उत्तरदायी बजेट परीक्षणलाई निरन्तरता दिइनेछ। उक्त परीक्षणहरुबाट पहिचान भएका सुधार गर्नुपर्ने पक्षलाई कार्ययोजना बनाइ कार्यान्वयन गर्दै लगिनेछ।

४५. टोलस्तरका महिलाहरुका लागि कानूनी हक अधिकार, मानव बेचविखन तथा ओसारपसार, यौन हिंसा लगायतका विषयमा कानूनी सचेतना सम्बन्धी अनुशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

४६. विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरुसँग समन्वय र सहकार्य गरी कार्यक्रम प्रभावकारी बनाइनेछ।

४७. अपाङ्गता भएका व्यक्तिहरु तथा ज्येष्ठ नागरिकहरुलाई परिचयपत्र वितरण तथा अभिलेख व्यवस्थापनलाई निरन्तरता दिइनेछ। अपाङ्गता भएका व्यक्तिहरुको सहज पहुँचका लागि परिचयपत्र वितरण शिविर सञ्चालन गरिनेछ।

४८. अपाङ्गता भएका व्यक्तिहरुका लागि आवश्यकता बमोजिम सहायक सामाग्री वितरणलाई निरन्तरता दिइनेछ।

४९. ज्येष्ठ नागरिक र पछिल्लो पुस्ताको अनुभव आदान प्रदान गर्न अन्तरपुस्ता अन्तरक्रिया कार्यक्रम सवै वडाहरुमा कार्यान्वयन गरिनेछ।

५०. बालमैत्री वडा तथा गाउँपालिका घोषणा गर्नका लागि अवस्था आँकलन गर्न तथ्याङ्क संकलन गरी श्वेतपत्र जारी गरिनेछ र श्वेतपत्रका आधारमा थप कार्यक्रमहरु पहिचान तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गरी आ.ब. २०८२/८३ भित्रै पालिकालाई बालमैत्री गाउँपालिका घोषणा गरिनेछ।

५१. गाउँपालिकालाई पर्यटकीय हब बनाउन पालिका क्षेत्रभित्र रहेका घोडागाउँ रेड स्वायल पार्क, खुङ्ग्री त्रिपुरेश्वरी मन्दिर, शिवपञ्चाइन र खुङ्ग्री दरबार, तेवाङको लिस्ने लेक र मालारानीकोट राज्यपोखरी, गजुलको गजुलकोट दरबार, सुनिलपार्क, अरेशको ढुङ्गे साघु, कोइरालखर्कको भगाने गुफा लगायतका पुरातात्विक, धार्मिक, ऐतिहासिक, प्राकृतिक तथा प्राचीन महत्त्वका पर्यटकीय गन्तव्यहरुको प्रचारप्रसार गरिनेछ।

**सभा सदस्यज्यूहरु**

५२. **"विकासको सुत्राधारः शिक्षा नै मूल आधार"** भन्ने नाराका साथ शिक्षा क्षेत्रको विकास, व्यवस्थापन र नियमनका लागि पालिकास्तरिय शिक्षा ऐन, नियमावली र नीति तर्जुमा गरिनेछ। शैक्षिक गतिविधिहरुमा हुन सक्ने जोखिमहरुको पहिचान तथा न्यूनीकरण गरी शिक्षा सम्वन्धी विपद् व्यवस्थापन योजना बनाई लागु गरिनेछ ।

५३. विद्यालय वाहिर रहेका अति विपन्न र सीमान्तकृत वर्गको पहिचान गरी विद्यालयमा झिकाउन, सिकाउन, टिकाउन र श्रम बजारमा विकाउन नगद छात्रवृत्ति, दिवा खाजा, शैक्षिक सामाग्री सहायता , क्षमता विकास लगायतका लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ।

५४. अल्पसंख्यक, विपन्न, न्यून आय भएका, दलित, सीमान्तकृत, पिछडावर्ग, अनाथ, शहिद परिवार, अपाङ्गता भएका व्यक्ति र एकल महिला भएका परिवारका सदस्यलाई माध्यामिक र उच्च शिक्षाको अध्ययन सुनिश्चित गर्न **"मेहेनत तपाइकोः जिम्मेवारी हाम्रो"** भन्ने नारा सहित छात्रवृत्ति प्रदान गर्ने कार्यक्रमलाइ निरन्तरता दिइनेछ ।

५५. गाउँपालिकामा स्थापित वाल विकास केन्द्रहरुलाई नमूना वाल विकास केन्द्रको रूपमा विकास गर्दै लगिनेछ। यसका लागि उपयुक्त भौतिक पूर्वाधारको व्यवस्था, शैक्षिक तथा सिकाइमुलक सामाग्रीहरुको उपलब्धता र बाल विकास शिक्षक/शिक्षिकाहरुको क्षमता विकास गरिनेछ।

५६. एक वडा एक माध्यामिक विद्यालयको नीति कार्यान्वयन प्राथमिकताका साथ अगाडि बढाइनेछ।

५७. स्थानीय पाठ्यक्रम सम्बन्धी पाठ्यपुस्तकलाई समयसापेक्ष र स्थानीय परिवेश अनुकूल बनाउँदै लगिनुका साथै शिक्षकहरुलाई आवश्यक तालिम प्रदान गरिनेछ ।

५८. गाउँपालिकाभित्र रहेका सबै सामुदायिक विद्यालयका भवनहरुमा जस्तापाता विस्थापन गरी क्रमशः आर.सि.सि. युक्त पक्की भवनमा परिणत गरिदै लगिनेछ । सामुदायिक विद्यालयका सवै संरचनाहरुलाई आधुनिक, अपाङ्गमैत्री तथा वालमैत्रीलाई निरन्तरता दिइनेछ

५९. सामुदायिक विद्यालयको शैक्षिक उपलब्धि लगायतको बहुआयामिक उन्नयनको लागि सुपरिवेक्षण एवम् अनुगमन प्रणालीलाई नियमित, व्यवस्थित र नतिजामुखी बनाइनेछ । अनुगमन प्रतिवेदनका आधारमा शिक्षकहरूलाई पुरस्कार र दण्ड प्रणालिको व्यवस्था गरिनेछ ।

६०. सामुदायिक विद्यालयको शैक्षिक स्तरमा अभिवृद्धि ल्याउन तथा शिक्षण सिकाइ क्रियाकलापमा सहजिकरण गर्न एक विज्ञ समूह गठन गरी बौद्धिक लाभ लिइनेछ ।

६१. राष्ट्रपति रनिङशिल्ड लगायत खेलका अन्य विधाहरुमा खेलाडीको उत्पादन र विकास गर्न प्रत्येक विद्यालयमा कार्यरत एक जना शिक्षकलाई खेल शिक्षक तोकी विद्यालयका खेलकुदजन्य गतिविधिहरुको नियमित प्रतिवेदन प्रणाली सुनिश्चित गरिनेछ। साथै सबै वडामा खेलकुद क्लव गठन, खेलमैदान निर्माण, खेलकुद सामग्री वितरण लगायतको माध्यमवाट खेलक्षेत्रको विकास र विस्तार गरिनेछ ।

६२. विषयगत शिक्षकहरूलाई तालिम, कार्यशाला, गोष्ठी, शैक्षिक प्रदर्शनी जस्ता कार्यक्रमहरुमा सहभागि गराइ नतिजा सुधारमा जोड दिइनेछ। त्यसैगरी शिक्षक तथा विद्यार्थीहरुलाई सिक्ने सिकाउने कार्यमा दत्तचित्त गराउन विभिन्न खाले उत्प्रेरणामूलक कक्षाहरुमा सहभागी गराइनेछ।

६३. हरेक विद्यालयमा शिक्षकहरुलाइ ई-हाजिरीको व्यवस्था गरी कागजी हाजिरी विस्थापन गरिदै लगिनेछ। सि.सि. क्यामराको माध्यमबाट कम्तिमा माध्यमिक विद्यालयहरुको अवस्थाको अवलोकन नियमित रुपमा पालिकाबाट गर्ने व्यवस्था मिलाईनेछ ।

६४. सबै विद्यालयलाई एकिकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सञ्चालनसम्बन्धी क्षमता विकास तालिम सञ्चालन गरिनेछ।

६५. प्रध्यानाध्यापक नियुक्तिलाई कार्यसम्पादन करार र नतिजामा आधारित तुल्याइनेछ। प्रधानाध्यापकहरुको नियमित बैठक, छलफल तथा समीक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

६६. विद्यालयका प्रधानाध्यापक, गाउँशिक्षा समिति तथा गाउँपालिका विचको समन्वयात्मक बैठक वसि शिक्षा सुधार तथा विकासका लागि कार्ययोजना तयार गरि लागु गरिनेछ ।

६७. सम्पूर्ण सामुदायिक विद्यालयहरूमा कक्षा १ देखि ५ सम्म अङ्ग्रेजी माध्यमबाट पठनपाठनलाई बिस्तार तथा निरन्तरता दिइनेछ ।

६८. गाउँपालिकामा कम्तिमा स्नातक तहसम्मको अध्ययन अध्यापन हुने शैक्षिक संस्था स्थापना तथा सञ्चालनको लागि आवश्यक पहल गरिनेछ।

६९. **"जहाँ विद्यार्थी त्यहाँ शिक्षक"** भन्ने नाराका साथ शिक्षक दरबन्दी मिलान तथा बिद्यालय समायोजनको प्रक्रियालाइ निरन्तरता दिइनेछ ।

७०. मूल्याङ्कनका आधारमा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थी, शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघलाई पुरस्कृत एवम् सम्मान गरिनेछ ।

७१. स्थानीय तहबाट सञ्चालन हुने कार्यक्रमहरुमा युवाको प्रतिनिधित्व वढाउदै युवामैत्री शासन प्रणाली अवलम्वन गरिनेछ। गाउँपालिकास्तरमा गठित युवा परिषद्लाइ थप सकृय बनाइनेछ ।

७२. शिक्षासँग सम्वद्व सरकारी तथा गैर सरकारी सँघ सस्थाहरुसँग समन्वय गरि शिक्षा क्षेत्रमा लगानी आकर्षित गर्ने वातावरण सृर्जना गरिनेछ ।

७३. अध्ययनलाई जिवन्त बनाई अध्ययन गर्न र नागरिक सचेतनाको विकास गर्न गाउँपालिकास्तरीय एक सुविधा सम्पन्न पुस्तकालयको स्थापना गरिनेछ ।

७४. शिक्षालाई प्रविधिमैत्री वनाउन समयसापेक्ष डिजिटल शिक्षामा जोड दिइनेछ। सिकाइ उपलब्धी सुदृढीकरण गर्न अभिभावक शिक्षालाइ निरन्तरता दिइनेछ ।

७५. विभिन्न विद्यलायलयहरुलाई उपलब्ध गराइने गाउँपालिका अनुदान शिक्षकको अभाव हुन नदिन शिक्षक बैंकको व्यवस्था गरिनुका साथै अनुदान शिक्षकहरुको सेवासुविधामा समसापेक्ष पुनरावलोकन गरिनेछ।

७६. विद्यालयको व्यवस्थापकिय पक्षलाई चुस्त दुरुस्त बनाउन विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघलाई आबश्यकता अनुसार अभिमूखिकरण गरिनेछ । विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावक र विद्यार्थीहरुबिच नियमित भेटघाट, छलफल र अन्तर्क्रिया कार्यक्रमको व्यवस्था गरिनेछ।

७७. प्राविधिक सीपयुक्त जनशक्ति उत्पादनका लागि प्राविधिक शिक्षामा जोड दिइनेछ। प्राविधिक शिक्षा अध्ययन गर्न चाहने गाउँपालिका भित्रका अति जेहेन्दार तथा आर्थिकरुपले विपन्न विद्यार्थीहरुलाई गाउँपालिकाको लागत साझेदारीमा उच्च शिक्षा प्रदान गरिनेछ ।

७८. सैद्धान्तिक शिक्षालाई व्यवहारसँग जोडी विद्यार्थीलाई स्वाबलम्बी तथा आत्मनिर्भर बनाउन संघीय सरकारको नीति अनुरुप पढ्दै कमाउदै कार्यक्रम कार्यान्वयन गरिनेछ।

७९. यस गाउँपालिका भित्र रहेका ५ वर्ष मुनिका बालबालिका हरुमा देखिएका सम्भावित कुपोषित बालबालिकाहरुको पोषण सुधार गर्न दिगो विकास लक्ष्य अनुसार बहुक्षेत्रीय पोषण कार्यक्रम लाइ निरन्तरता दिइनेछ।

८०. महिला, बालबालिका र किशोरीहरुमा हुने सबै प्रकारको कुपोषणको अवस्था लाई मध्यनजर गरी कुपोषण लाई घटाउन पोषणलाई थप टेवा पुग्ने खालको खाद्यवस्तुहरुको पहिचान र उत्पादनका लागि लक्षित समूहको क्षमता विकास गरिनुका साथै उत्पादित खाद्यवस्तुको न्यायोचित वितरणको व्यवस्था मिलाइनेछ।

८१. कुपोषणको अन्त्य, मानव पुँजी निर्माण र समग्र सामाजिक, आर्थिक विकास गर्ने दीर्घकालिन लक्ष्य सहित पोषणको दृष्टिकोणले पाँच वर्ष मुनिका बालबालिका, किशोर किशोरी र प्रजनन उमेर समुहका महिलाहरुको लागि पोषण सचेतना, आर्थिक तथा वस्तुगत सहायता लगायतका लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ।

८२. पालिकालाई पूर्ण खोप, पूर्ण संस्थागत सुत्केरी घोषणा तथा दिगोपना सुनिश्चितता लगायतका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।

८३. आधारभूत स्वास्थ्य सेवाहरुमा नागरिकको पहुचलाई सर्वसुलभ बनाउन सवै वडाहरुमा स्वास्थ्य सम्बन्धी घुम्ती शिविर सञ्चालन गरिनेछ। साथै पाठेघरको स्क्रिनिंग शिविर सञ्चालन गरि महिलाहरुको पाठेघर क्यान्सरबाट हुने मृत्यु तथा रुग्णता दरलाई कम गरिनेछ।

८४. क्षयरोगी खोजपडताल घरदैलो कार्यक्रम सञ्चालन गरिनेछ।

८५. स्वास्थ्य प्रबर्द्धन कार्यक्रमको लागि महिला सामुदायिक स्वयंसेविका परिचालन गरिनेछ । महिला स्वास्थ्य स्वंयसेविकाहरुको प्रोत्साहनमूलक कार्यक्रमहरु पालिकास्तरबाटै एकीकृत रुपमा कार्यान्वयन गरिनेछ।

८६. स्वास्थ्य सेवालाई डिजिटल तथा प्रबिधि मैत्री बनाउदै लगिनेछ।

८७. सवै वडाका विभिन्न टोल तथा वस्तीहरुमा बिभिन्न सरुवा रोग तथा महामारी नियन्त्रण सम्बन्धी सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

८८. किशोर किशोरी मैत्री स्वास्थ्य संस्था प्रमाणीकरण कार्यक्रमलाई निरन्तरता दिईनेछ साथै किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य र महिनावारी प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिईनेछ।

८९. मातृ तथा नवशिशु कार्यक्रम, सुरक्षित गर्भपतन तथा परिवार योजना कार्यक्रमलाई निरन्तरता दिईनेछ।

९०. योग, ध्यान र आयुर्वेद उपचार पद्धतिको बारेमा विद्यालय तथा वडा स्तरमा सचेनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ। मिझिङ आयुर्वेद औषधालायबाट हुने सेवा प्रवाहलाई सवै वडाहरुका पुऱ्याउन विभिन्न खाले शिविरहरु सञ्चालन गरिनेछ।

**सभा सदस्यज्यूहरु**

९१. विकासका नाममा हुन सक्ने वातावरणीय जोखिम न्यूनीकरण गर्न यस पालिकाको सडक गुरु योजना, MTMP (Municipal Transport Master Plan) अनुरुप प्राथमिकता आधारमा नयाँ ट्रयाक खोल्ने, सडक स्तरोन्नती गर्ने लगायतका कार्यहरु गरिनेछ।

९२. आवश्यकताका आधारमा मोटरेबल पुल र झोलुङ्गे पुल निर्माणलाई निरन्तरता दिइनेछ।

९३. क्रमागतरुपमा सञ्चालन भैरहेका योजनाहरुलाई सम्पन्न गर्न आवश्यक वजेटको व्यस्था गरिनेछ।

९४. एक घर एक धारा कार्यक्रमलाई निरन्तरता दिईनेछ साथै खानेपानी शुद्धता चेकजाँचका लागि मुहानबाटै नियमित रुपमा खानेपानीको गुणस्तर परिक्षण गर्ने व्यवस्था मिलाइनेछ।

९५. विभिन्न व्यक्ति तथा निकायहरुको नाममा दर्ता स्रेस्ता भई हाल मोटरबाटो रहेको जग्गाको लगत कट्टा प्रकृयाको सुरुवात गरिनेछ।

९६. सार्वजनिक, ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा गरिनेछ। त्यसका लागि लगत संकलन तथा व्यवस्थित अभिलेखीकरणको कार्यलाई प्रभावकारी बनाइनेछ।

९७. घरनक्सा अभिलेखीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम टोल तथा वस्तीस्तरमै सञ्चालन गरिनेछ। आउँदो आर्थिक वर्षभित्र सुलिचौर, रुइनिवाङ र अन्य बजार क्षेत्रका सबै घरहरुको घरनक्सा अभिलेखीकरणको कार्य सम्पन्न गरी नक्सा पास प्रक्रियालाई अगाडि बढाइनेछ।

९८. डिभिजन बन कार्यालय रोल्पा तथा सुवर्णावती सव डिभिजन वन कार्यालय सुलिचौरको प्राविधिक सहयोग तथा समन्वयमा यस पालिकाभित्रका सबै सामुदायिक वन उपभोक्ता समितिबाट वन पैदावार विक्रि तथा उपयोग सम्बन्धी वार्षिक कार्ययोजना तयार गराई गाउँ कार्यपालिकाबाट स्वीकृत गराउने व्यवस्था गरिनेछ। वन पैदावारको विक्रि वापत गाउँपालिकालाई प्राप्त हुने नियमानुसारको राजश्व रकम गाउँपालिकाको कोषमा जम्मा गर्न सामुदायिक वन उपभोक्ता समूहहरुलाई प्रोत्साहन गरिनेछ।

९९. सामुदायिक वन उपभोक्ता समितिबाट प्राप्त हुने राजश्व रकमको निश्चित प्रतिशत रकम सम्बन्धित सामुदायिक वनको उपभोक्ता समितिहरुको क्षमता अभिवृद्धिका लागि खर्च गर्ने प्रवन्ध मिलाईनेछ ।

१००. यस गाउँपालिका क्षेत्रभित्र फोहोर संकलन तथा व्यवस्थापनलाई निरन्तरता दिइने छ। पालिकाभित्रको उपयुक्त क्षेत्रमा जग्गा प्राप्त गरी स्थायी रुपमा फोहोरमैलाको व्यवस्थापनको लागि ल्याण्ड फिल साइटको निर्माण गरिनेछ।

१०१. कुहिने र नकुहिने फोहोरलाई स्रोतमै वर्गीकरण गरी अलग अलग संकलन तथा विसर्जन गर्ने व्यवस्था गरिनेछ। यसरी वर्गीकरण नगरिएको फोहोर संकलन नगरिने नीति लिइनेछ।

१०२. नियमित बजार सरसफाई तथा स्वच्छता सम्बन्धी कार्यमा बजार व्यवस्थापन समिति, यातायात कम्पनी, स्थानीय वासिहरु तथा कर्मचारीहरुको स्वत:स्फुर्त सहभागिताका लागि पहल गरिनेछ।

१०३. सरोकारवाला निकाय तथा संघ सस्थाको समन्वय र सहकार्यमा विपद्मा हुन सक्ने घटना र उद्दार सम्बन्धी समुदायमा जनचेतना मुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।साथै विपद् पश्चातको राहत, सहायता तथा पुनर्निर्माणको लागि संस्थागत क्षमता बढाउदै लगिनेछ।

१०४. विपद् पिडितहरुको राहत तथा उद्दारका लागि स्थापना गरीएको कोष बृद्दि गरिनेछ। कोषमा रकम थपका लागि विभिन्न निकाय तथा सरोकारवालाहरुलाई आव्हान गरिनेछ।

१०५. बजार क्षेत्रभित्र हुन सक्ने अपराधिक तथा शंकास्पद गतिविधिहरुको नियमन गरी बजारक्षेत्रभित्र शान्ति सुव्यवस्था मिलाउन सिसि क्यामेरा जडान तथा विस्तार गरिनेछ ।

१०६. विपद्को समयमा उद्दार तथा प्राथमिक उपचार सम्बन्धी क्षमता विकासका लागि स्वास्थ्यकर्मी र महिला स्वंसेविकाहरुलाई तालिमको व्यवस्था गरिनेछ।

१०७. सामुदायिक वन उपभोक्ता समूहसँगको सहकार्यमा वन क्षेत्र अतिक्रमणलाई निरुत्साहन गर्न आबश्यक पहल गरिनेछ। खाली तथा उपयुक्त स्थानहरुमा वृक्षारोपण गर्ने कार्यलाई अभियानको रुपमा अघि बढाइनेछ।

१०८. सामाजिक सुरक्षा भत्ता वितरणलाई सरल, सहज र पहुँचयोग्य बनाउन हरेक वडामा घुम्ति शिविर मार्फत भत्ता वितरण गरी लाभग्राहीको शिविरमा नै स्वास्थ्य परीक्षण गर्ने कार्यलाई कार्यान्वयन गरिनेछ।

१०९. व्यक्तिगत घटना दर्ता समयमा नै गर्नका लागि प्रचार प्रसार तथा वडाहरुमा घटना दर्ता शिविर सञ्चालन, स्थानीय पञ्जीकाधिकारीहरुलाई अभिमुखीकरण, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभगाहीहरुको तथ्याङ्क अध्यावधिक, व्यक्तिगत घटना दर्ताका हस्तलिखित रजिष्टरहरु डिजिटाइजेसन सम्बन्धी कार्यलाई पूर्णता दिइनेछ। घटना दर्ता शत प्रतिशत पुर्याई पूर्ण रुपमा घटना दर्ता पालिका घोषणा गरिनेछ ।

११०. राष्ट्रिय परिचयपत्र निर्माण र वितरणको अभियान वडा तहसम्म सञ्चालन गर्न सम्बन्धित निकायलाई आवश्यक सहयोग एवं सहजीकरण गरिनेछ। वडा कार्यालयहरुबाट हुने नागरिकताको सिफारिसलाई अनलाइनमा आधारित बनाइनेछ।

१११. गाउँपालिका मातहतका सबै कार्यालयमा केन्द्रिय हाजिरि प्रणालि(ई-हाजिरी) लागु गरिने छ ।

११२. गाउँपालिकाका सम्पुर्ण कागजातहरु सुरक्षित राख्न एकीकृत विघुतीय अभिलेख कायम गर्ने गरि डाटा सेन्टर (Data center) को विकास गरिनेछ।

११३. **"न्याय सम्पादन ढिलो हुनु,न्याय नपाउनु सरह हो"** भन्ने न्यायको सिद्धान्तलाई अंगिकार गर्दै न्यायिक समितिबाट सम्पादन हुने विवाद तथा मुद्दालाई छिटो-छरितो र पारदर्शी रुपमा सम्पादन गरिनेछ।मेलमिलापवाट विवादको दिगो समाधान गर्न मेलमिलाप पद्धतिलाई थप प्रभावकारी बनाइनेछ।

११४. गाउँपालिकावासीको न्यायमा पहुचँ स्थापित गर्न आर्थिक रुपले विपन्न तथा असहाय ब्यक्तीहरु, महिला, जेष्ठ नागरिक, अपाङ्ग लगायतलाई निःशुल्क कानुनी सहायताको ब्यवस्था गरिनेछ।

११५. विपन्न वस्ती तथा वडाहरुमा न्यायिक समितिको कार्यसम्पादन र कार्यक्षेत्र सम्बन्धमा अनुशिक्षण गरी विपन्न वर्गलाई निःशुल्क कानुनी उपचार प्राप्त गर्नका लागि उत्प्रेरित गरिनेछ।

११६. सबै वडा कार्यालयमा रहेका मेलमिलाप केन्द्रको सुदृढीकरण गरी मेलमिलाप हुने प्रकृतिका स्थानीय विवादहरु वडास्तरमै निरुपण गर्ने कार्यलाई थप प्रभावकारी बनाउदै **"विवादको साटो मेलमिलापको बाटो"** भन्ने नारालाई थप प्रभावकारी रुपमा कार्यान्वयनमा लगिनेछ।

११७. अन्तरपालिका तथा न्याय सम्पादनसँग सम्वन्धित निकायहरुसँग निरन्तर रुपमा अन्तरक्रिया तथा अनुभव आदान प्रदान गरी न्यायिक समितिको कार्यसम्पादनलाई क्रमशः परिस्कृत गरिनेछ।

११८. स्थानिय कर, सेवा शुल्क तथा दस्तुर लगाउने, उठाउने, खारेज गर्ने, छुट दिने, परिवर्तन गर्ने वा कर प्रणालीलाई व्यवस्थित गर्न आवश्यक कानूनी र संस्थागत व्यवस्था मिलाइने छ ।

११९. संवैधानिक तथा कानून रुपमा प्राप्त आर्थिक अधिकारको क्षेत्र तथा श्रोतलाई व्यवस्थित गरी पालिकाको कुल बजेटमा आन्तरिक श्रोतको हिंसा बढाउदै लगिनेछ ।

१२०. स्थानीय राजश्व बारे आवश्यक कानूनको निर्माण तथा समय सापेक्ष सुधार गरी व्यवहारिक बनाउँदै लगिनेछ।

१२१. राजश्वका स्रोतहरुको अध्ययन गरी संभाव्यताका आधारमा करको दायरा बढाइनेछ ।

१२२. जनताको कर तिर्न सक्ने क्षमताका आधारमा करका दरहरु विश्लेषण गरी करका नयाँ दरहरु निर्धारण गरिनेछ ।

१२३. यस गाउँपालिकाको सबै वडाहरुमा एकिकृत सम्पत्ति कर र करदाता शिक्षा सम्बन्धि अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिने छ ।

१२४. गाउँपालिकामा उठाउदै आएको मालपोत तथा भूमिकरको सट्टामा एकिकृत सम्पत्ति कर लगाउनको लागि आवश्यक पूर्वाधार निर्माण, करदातालाई अभिमुखीकरण तथा कर प्रशासनको सक्षमताको विकास गरिनेछ।

१२५. राजश्व संकलनको कार्यलाई अभियानकै रुपमा संञ्चालन गरी सबै आर्थिक कारबारहरुलाई करको दायरामा ल्याइने छ ।

१२६. गाउँपालिकाको करको महत्वपूर्ण श्रोतको रुपमा रहेको व्यवसाय करलाई सुदृढ तथा व्यवस्थित गर्न राजस्व सुधार कार्ययोजनाले निर्दिष्ट गरेका विभिन्न कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

१२७. कर प्रशासनसँग सम्बन्धित कर्मचारीहरुको क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरी संस्थागत सक्षमताको अभिवृद्धि गरीने छ ।

१२८. उपभोक्ता अधिकारका बारेमा सवै वडाहरुमा उपभोक्ता शिक्षा सम्बन्धि सचेतनामूलक कार्यक्रम संञ्चालन गरिनेछ ।

१२९. उपभोक्ता अधिकारका बारेमा बहस, पैरवी गर्न उपभोक्ता अधिकार मञ्च जस्ता नागरिक स्तरमा संयन्त्र गठन गरी बजार सुशासन कायम राख्ने कार्यमा प्रोत्साहन तथा सहजिकरण गरिने छ। साथै विभिन्न सम्बद्ध निकायहरुसँगको समन्वयमा नियमित बजार अनुगमनको कार्यलाइ प्रभावकारी बनाइनेछ।

१३०. प्राइभेट फर्मको रजिष्ट्रेशनका लागि नियमित अनुगमनलाई अभियानकै रुपमा संञ्चालन गरिने छ।

१३१. सहकारी संस्थाहरुको नियमनलाई बिशेष ध्यान दिइने र उनिहरुकै सहकार्यमा सहकारी शिक्षा प्रदान गरिने छ ।

१३२. गाउँपालिकालाई प्राप्त संवैधानिक तथा कानुनी अधिकारको प्रचलन गर्न तथा गाउँसभाबाट स्वीकृत नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नका लागि आवश्यक थप कानुनको तर्जुमा, विद्यमान कानुनहरुको संशोधन र आवश्यकता आधारमा एकीकरण गरिनेछ।

१३३. गाउँपालिकामा कार्यरत सबै सेवा समूह तर्फका कर्मचारीलाई आफ्नो पेशागत मर्यादा र आचरण प्रदर्शनका आधारमा दण्ड र पुरस्कारको नीति अख्तियार गरिनेछ। सेवाग्राहीमैत्री सेवाप्रवाह विपरितका क्रियाकलापहरुमा शून्य सहनशीलताको नीति अख्तियार गरिनेछ।

१३४. सबै किसिमका कर्मचारी क्षमता विकास तालिम कार्यक्रममा एकद्धार नीति लिई प्रचलित कानुन र मापदण्डमा आधारित तालिम कार्यक्रम सञ्चालन गरिनेछ। तालिममा स्थानीय लगायत राष्ट्रिय विज्ञ सेवा लिदै प्रविधिमैत्री कर्मचारी प्रशासनको विकास गरिनेछ।

१३५. कार्यालयमा सिकाई केन्द्रको संस्थागत विकास गरी सेवा प्रवाहमा नवीनतासँगै सिकाईको अवसर सुनिश्चित गर्न सूचना केन्द्र(लाईब्रेरी) स्थापना गरिनेछ।

१३६. कर्मचारीहरुलाई उच्च मनोबलका साथ कार्य गर्ने वातावरण सिर्जना गर्नका लागि तालिम, गोष्ठी, अध्ययन अवलोकन भ्रमणलाई उपलब्धिमूलक हुनेगरी सेवाप्रवाहसँग आबद्ध गरिनेछ ।साथै गाउँपालिका कर्मचारी एवम् पदाधिकारी, उपभोक्ता समिति र टोल विकास संस्थाहरुको पदाधिकारीको क्षमता अभिवृद्धीका लागि विभिन्न कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

१३७. हरेक वर्ष फागुन २७ गते गाउँपालिका स्थापना दिवसका अवसरमा सप्ताहव्यापी रुपमा विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछन।

१३८. करार र ज्यालादारीमा कार्यरत कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा आबद्ध गरिनेछ।

१३९. गाउँपालिकामा कार्यरत सवै राष्ट्र सेवक कर्मचारीको मनोवल उच्च राख्न र सेवा प्रवाहलाई जनमैत्री र चुस्त दुरुस्त बनाउन संघीय सरकारको घोषणा वमोजिम तलव सुविधा र अन्य उत्प्रेणात्मक कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।

१४०. सुनिलस्मृति गाउँपालिकाको सवै गतिविधि र सूचनामा नागरिकको पहुँच कायम हुने गरी सेवा प्रवाहको व्यवस्था मिलाइनेछ ।

१४१. सेवाग्राही सन्तुष्टीको सर्वेक्षणका लागि विद्युतीय सर्वेक्षण र सर्वेक्षण कार्डको प्रयोग गरिनेछ ।

१४२. स्थानीय वस्तु तथा सेवाको व्यापारको मूल्य तथा गुणस्तरको नियमन र अनुगमन गरिनेछ ।

१४३. टोल विकास संस्थाको क्षमता विकास गरि पूर्ण क्षमतामा परिचालन गरिनेछ । श्रममूलक तथा स्थानीय बासिहरुलाई प्रत्यक्ष लाभ पुग्न खालका योजनाहरु टोल विकास संस्था मार्फत कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

१४४. नागरिकको गुनासो समयमै सम्वोधन गर्न र गाउँपालिकामा सहज पहुँच कायम गर्न हटलाईन सेवा संचालन गरिनेछ ।

१४५. सेवा प्रवाह र विकासलाई प्रभावकारी र जनउत्तरदायी बनाउन सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण लगायतका परीक्षण प्रणालीहरुको प्रयोगलाई निरन्तरता दिइनेछ।

१४६. सार्वजनिक खरिद तथा सम्पत्ति व्यवस्थापन सम्बन्धमा गाउँपालिकाबाट हुने खरिद कार्यलाई व्यवस्थित गर्न खरिद इकाई गठन गरेर वार्षिक खरिद योजना तयार गरी एकद्वार प्रणालीबाट खरिद गर्ने व्यवस्था मिलाइनेछ ।

१४७. गाउँपालिका तथा मातहतका निकायको चल अचल सम्पत्तिको संरक्षण र व्यवस्थापनको लागि सार्वजनिक सम्पत्ति व्यवस्थापन सूचना प्रणालीको पूर्ण प्रयोग गरिनेछ।

१४८. सामाजिक संघ संस्थाको पारदर्शिता र सामाजिक उत्तरदायित्व सुनिश्चितता गर्ने तथा निजी क्षेत्रको व्यावसायिक सामाजिक उत्तरदायित्व निर्वाहका लागि सम्बन्धित क्षेत्रहरुलाई उचित प्रोत्साहन गरिनेछ।

१४९. नगर प्रहरीलाई गाउँपालिकाका विकास निर्माण, बजार अनुगमन, अतिक्रमण नियन्त्रण, राजश्व संकलन, विपद, उद्दार तथा राहत वितरण लगायतका कार्यहरुमा परिचालन गरिनेछ ।

१५०. गाउँपालिकाको संस्थागत सुशासन र मानव संशाधन विकासका लागि राष्ट्रिय अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थाहरुसँग सहकार्य गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

१५१. फुसको छाना विस्थापन कार्यक्रमलाई निरन्तरता दिइनेछ। र क्रमशः वडाहरुलाई फुसको छाना मुक्त वडा घोषणा गर्दै पालिकालाई नै फुसको छानामुक्त घोषणा गरिनेछ।

गाउँपालिकाले अंगिकार गरेको **"जनआकांक्षा पूरा गर्ने हाम्रो संकल्पः दिगो विकास र सुशासन मात्र विकल्प"** भन्ने मूल नीतिलाई पूरा गर्न यी नीति तथा कार्यक्रमहरुको प्रभावकारी रुपमा अख्तियार गरिनेछ । नीति र योजनामा आधारित वजेट प्रणालीको विकास गर्न आवधिक योजनाले परिलक्षित गरे अनुरुप प्राथमिकता प्राप्त योजना तथा कार्यक्रम छनौट गरी बजेट विनियोजन गरिनेछ । बजेट तर्जुमालाई मध्यकालीन खर्च संरचना संग आवद्ध गर्दै लैङ्गिक उत्तरदायी बजेट प्रणालीलाई मुख्य शर्तको रुपमा अनुशरण गरिनेछ । आयोजना बैंक बनाइ कार्यान्वयनमा ल्याई घोषित नीति तथा कार्यक्रमलाई क्रमशः कार्यान्वयन गर्दै लगिनेछ।

**धन्यवाद ।**